# विचार

बुद्धिमान व्यक्तिले आफ्नो अनुभवबाट सिक्छ, तर धेरै बुद्धि भएकाले भने अरूको अनुभवबाट पनि सिक्छ।

– चिनियाँ उखान

तिमी जुन पुस्तक पढ्दा सबैभन्दा धेरै सोच्न विवश हुन्छौ, तिम्रो सबैभन्दा ठूलो सहायक नै त्यही पुस्तक हो।

– थियोड्रोर पार्कर

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

# एक अर्को निकायबीच समन्वय बढाऊ


काठमाडौं महानगरपालिकाले बजार अनुगमनलाई नियमित बनाउने भएको छ । महानगर क्षेत्रका अधिकांश पसल र व्यवसायीलाई न्यूनतम मापदण्ड पूरा गर्न⁄गराउन अनुगमनलाई नियमित र प्रभावकारी बनाउने तयारी गरिएको हो । किराना, मासु पसल, होटल र अन्य पसल तथा व्यवसायलाई कानुनी दायरामा ल्याउन अनुगमनलाई तीव्रता दिइने महानगरपालिकाले जनाएको छ । महानगरभित्रका धेरै पसल सञ्चालक र व्यवसायी दर्ताबिनै सञ्चालनमा रहेका, कर र अन्य दायित्वबाट पन्छिने गरेका महानगरको ठहर छ ।

सरकारले सार्वजनिक स्थलमा धुम्रपान र सुर्तीजन्य पदार्थ सेवनसँगै बिक्रीवितरण गर्न नपाइने घोषणा गरेको वर्षौं भयो, तर बजार अनुगमन प्रभावकारी नहुँदा घोषणा घोषणामै सीमित बनेको छ । अब त्यस्ता वस्तुको बिक्रीवितरण नगर्न कडा निर्देशन जारी गर्दै अनुगमन प्रभावकारी बनाइने महानगरको दाबी छ । अनुगमनमा पसल र व्यवसाय दर्ता भए⁄नभएको, साइनबोर्ड राखिएको⁄नराखिएको, मूल्यसूची भए⁄नभएको, नापतौल प्रमाणपत्र भए⁄नभएको जस्ता विभिन्न ११ सूचकलाई आधार मानिने बताइएको छ ।

त्यस्तै खाद्य पदार्थमा जनस्वास्थ्यलाई प्रतिकूल असर पुऱ्याउने पदार्थ मिसावट, रङ, सुगन्धजस्ता पक्षलाई पनि नियालिनेछ । महानगरका ३२ वटै वडामा ३ दिन स्थलगत अध्ययन र तथ्यांक संकलन, १ दिन संकलित तथ्यांक छानबिन गरी सुधार गर्न सुझाव तयार गर्ने योजना अघि सारिएको छ । बाँकी ३ दिन कैफियत देखिएको विषयमा सम्बन्धित व्यवसायीलाई सुधार गर्न, व्यवसाय बन्द गर्न, कैफियत देखिएका सामग्री बेचबिखन नगर्न निर्देशनसहित पत्राचार गर्ने प्रक्रियालाई चुस्तदुरुस्त बनाइने दाबी गरिएको छ । कामपाले शुरू गरेको बजार अनुगमनमा जिल्ला प्रशासन, आपूर्ति व्यवस्था विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, महानगर प्रहरी, पशुसेवा कार्यालय, भेटेरिनरीसहित उपभोक्ता मञ्चका अधिकारीसमेत संलग्न रहने बताइएको छ ।

काठमाडौंसहित मुलुकका अन्य शहरी भेगमा बेला मौकामा बजार अनुगमन हुँदै आएको छ, त्यसैले यो नौलो अभ्यास भने होइन । तरकारी र फलफूलमा प्रयोग गरिने विषादी मापन, नियन्त्रणसँगै विविध वस्तुको कृत्रिम मूल्य वृद्धि र कालोबजारी नियन्त्रण गर्नसमेत बजार अनुगमन हुने गर्छ, आमसञ्चार माध्यमका लागि गतिलै खुराक पनि बन्ने गर्छ । तर २ साता पनि बित्न नपाउँदै अनुगमन रोकिएका उदाहरण पर्याप्त छन् । एक अर्को निकायबीच गतिलो हातेमालो र समन्वय नहुँदा अनुगमन सधैं निष्प्रभावी बन्ने गरेको यथार्थलाई बिर्सन मिल्दैन । त्यसैले महानगरले विगतबाट पाठ सिकेर अभियान अघि बढाएको खण्डमा मात्रै अनुगमन प्रभावकारी बन्नेछ ।

# सिंहदरबारमा निदाएर ब्युँझदा



मुक्तिबन्धु

महाभारतमा पाण्डव वनबासको सन्दर्भमा एउटा प्रसंग छ। वनबासका क्रममा पाण्डवहरू एक पटक एउटा बनको बीच भेगमा अवस्थित चारैतिर वृक्षवनस्पतिले घेरिएको एउटा कुशस्थलीमा पाँचवटा छाप्रा बनाएर बसेका थिए। युधिष्ठिरका छाप्रामा त्यस रात द्रौपदी पनि थिइन्। बिहान स्याल कराएको आवाजले ब्युँझेका राजा युधिष्ठिरलाई देखेर द्रौपदीलाई दुःख लाग्यो। उनले दिक्क हुँदै भनिन्- 'हजुर सर्वसामान्य व्यक्तित्व होइन। हजुर त सम्राट व्यक्तित्व हो। पहिले हजुर राजधानी इन्द्रप्रस्थको मणिमय दरबारमा रिटिक्क चिटिक्क सिँगारेको सुनको पलङमा बिछिएको सुगन्धित नरम-नरम बहुमूल्य गद्दामाथि चारणहरूका मंगलमय स्तुति गीत सुन्दै बेलुका सुत्नुहुन्थ्यो। बिहान चारणहरूको मांगलिक स्तुति गीतका सुमधुर आवाज सुनेरै ब्युँझिनुहुन्थ्यो। अहिले जंगलभित्र राम्ररी काट्न नसकिएर ठोसा बाँकी रहेका कुशको मैदानी ओछ्यानमा सुत्नुहुन्छ। स्यालका अमांगलिक आवाज सुनेर बिउँझनुहुन्छ। एक शक्तिशाली सम्राटका लागि योभन्दा दुःखद् अरू के हुन सक्छ ? मलाई त सहन गाह्रो भयो महाराज।' जस्तै संस्कृत भाषाकै शब्दमा- 'पुराधिरूढः शयनम्महाधनम्। विवोध्यसे यस्तुतिगीतिमंगलैः।' 'अदभ्रदर्भामधिशय्य सस्थलीम्। जहासि निद्रा मशिवै शिवारुतैः।' -महाकवि भारविप्रणीत किरातार्जुनीय महाकाव्य।

नेपालमा कुनै राजा वनबास गएको र कुशस्थलीमा सुतेको इतिहास त छैन। सुखसयलका इतिहास भने जति पनि छन्। सत्तासीन राणा प्रधानमन्त्री र तिनका भाइ भारदारले सुखसयलकै लागि उपत्यकाका विभिन्न ठाउँमा एक से एक बाढलाग्दा दरबार बनाएका थिए। सिंहदरबार सबभन्दा बाढिलो दरबार थियो। आज पनि छ। दरबारमा निदाएर बिउँझने नेपालका महाराजाहरूमा चन्द्र शमशेरको स्थान सर्वोपरि रहेको छ। उनी त्यहाँ हजारौं रात सुते, निदाए र बिम्झे। नेपालका राजामहाराजाहरू पनि बेलुका संगीत गीतप्रवीण चारणहरूका स्तुतिगीतहरू सुन्दै-सुन्दै निदाउँथे। उनीहरू बिउँझने समयमा पनि चारणहरू जुटेर सुमधुर लयस्वरमा स्तुतिगीत घन्काएकै हुनुपर्थ्यो। स्तुतिगीत र मंगल ध्वनि शुभ सकुन तथा शास्त्रीय आचरणअन्तर्गत पर्थे। सुत्ने बेला सुनिने स्तुतिगीत तथा मंगल ध्वनि र देखिने मंगल दृश्यले शुभ सपना देख्न मद्दत गर्छ भने सुतेर बिउँझदा सुनिने स्तुतिगीत तथा मंगल ध्वनिले सुखमयरूपमा दिन बिताउन मद्दत पुग्छ भन्ने स्थापित विश्वास थियो। यो राजा, महाराजा, सामन्त, महासामन्तको परम्परागत संस्कृति नै हो।

राजामहाराजाहरू अमंगल ध्वनि सुन्न चाहँदैनन्। अमांगलिक दृश्य देख्न चाहँदैनन्। नेपालमै पनि राणाकालसम्म साइतका शुभ मुहूर्तमा कुकुर रोएको आवाज, स्याल हुइँच्याएको आवाज सुनिनु अमांगलिक मानिन्थ्यो। साइतका समय विधवा नारी र बरखीबारेका पुरुष देखिनु अलच्छिन मानिन्थ्यो। यसैले राजा महाराजाका सवारीमा प्रहरी र आठपहरियाहरू त्यस्ता आवाज मौसुफका कानमा पर्न नदिन र त्यस्ता दृश्य मौसुफका आँखामा पर्न नदिन चौकन्ना र सावधान रहन्थे। कुनै समय श्री ३ महाराजका सवारीका बेला विधवा महिला र बरखी बारेका पुरुषहरू राजधानीका सडकमा देखिनै नहुने गरी प्रतिबन्ध पनि लाग्यो। यत्ति कारणले उपत्यकाका बासिन्दा कति नारीपुरुष यहाँबाट पलायनसमेत भएका थिए भनिन्छ। नेपाली जनतालाई रैती ठान्ने र दुनियाँ भन्ने राणाहरूका दृष्टिमा दुनियाँ पनि स्यालबराबर थिए। दुनियाँको आवाज पनि स्यालको आवाजजत्तिकै बन्धित थियो। रैती दुनियाँले झुक्किएर पनि सरकारविरुद्ध आवाज ननिकालून् भन्ने मनसायले राणाहरू आफ्ना अनुचरद्वारा स्यालहुइँयाका विरुद्ध जनतामा बारम्बार प्रचार गराइरहन्थे। विभिन्न सन्दर्भमा रैतीहरू भेटिँदा 'ल है स्यालहुइँयामा नलाग्नू, जिब्रो काटेर पातमा राख्नुपर्ला' भन्दै तर्साउँथे राणाका थरी द्वारे जिम्वाल र मुखियाहरू।

अहिले त्यो समय छैन। नेपालमा राणा छैनन्। उनीहरू सत्ताच्यूत भएर पनि ७० वर्ष बितिसक्यो। यसबीच नेपालमा थरिथरिका राज्य व्यवस्था आए। गए। अहिले समाजवादोन्मुख लोकतान्त्रिक गणतन्त्र नामको राज्य व्यवस्था छ। यति लामो नामको राज्य व्यवस्था नेपालमा आइपुगेको भर्खभर्खरै हो। यस व्यवस्थासँग एक थान संविधान पनि छ। त्यस संविधानभित्र मानवअधिकार र मौलिक अधिकारजस्ता शब्द पनि लेखिएका छन्। जनता सार्वभौम छन् पनि लेखिएको छ। यसै संविधानको सपथ लिएर सत्तामा गएका नेकपाका राजनेता अहिले सरकारमा विराजमान छन्। नेपाल फोरम भन्दै उदाएका अन्य पार्टीका नेता पनि छन्। सरकारले मुलुकमा समाजवादको लगनगाँठो समातिसकेको छ। यस अवस्थामा सरकारी चाहना यस्तो रहेको हुनसक्छ। जस्तै- 'मंगलकर्मका अबका शुभ मुहूर्तहरूमा हरेक दिन सिंहदरबारमा मन्त्री प्रधानमन्त्री सांसद्गण र कर्मचारीमण्डल सुतेर बिउँझदा चारणहरू उपस्थित भएर वाद्यवादनसहित मंगलगीत गाऊन्। भित्ताभरिका टीभी स्क्रीनहरूमा मंगल दृश्यहरू देखियून्। जागृत मुहूर्त मिलाएर मुलुकका खेलमन्त्री भैंसीगोठ उद्घाटन गर्न पुगून्।' समाजवादमा अन्तर्राष्ट्रिय फुटबल खेलको प्रसंग सुन्नबाट र निकट भविष्यमा नेपालमा आयोजित हुने विभिन्न खेलमा सम्मिलित हुनबाट नेपाली भैंसीहरू पनि वञ्चित नरहून्। कृषिमन्त्रीले तरकारी फल्ने खेत बारीलाई मकैजोन बनाएर मकै मात्र रोप्न, र धान फल्ने फाँटलाई कोदोजोन घोषित गरेर त्यहाँ विकासे कोदो रोप्न फरमान जारी गरून्। बाहुनहरूले धानलाई राजा भन्दै आएका छन्। जस्तै धान्यराजा सुमांगल्या विष्णुप्रीतिकराः यावाः। विष्णुलाई जौ मन पर्छ भनेका छन् यसैले त्यस सामन्तवादी उद्घोषकविरुद्ध आजको समाजवादी सरकारले नेपालका जौबारीलाई करुजोन घोषित गरोस्। किनकि समाजवादमा अन्नमै पनि सबाल्टर्न वर्गलाई माथि उठाउनुपर्छ। मकै कोदो करु यसै वर्गमा पर्छन्। हामीले राजतन्त्र त बढारिसकेका छौं भने अन्नको राजा भनिने धानलाई यहाँबाट किन नबढार्ने ? भात चहिए हामी विभिन्न मुलुकबाट चामल आयात गर्छौं। गरिरहेकै छौं। तरकारी दलहन तेलहन सबै आयात गर्छौं। गरिरहकै छौं। सौ सबै कृषिउपज आयात गर्छौं। कुनै दिन आवश्यकता पर्दा हामी नेपालमा जंगल आयात गर्छौं। पानी आयात गर्छौं। हिमाल आयात गर्छौं। रेल चढाएर ल्याउँछौं। पानीजहाज चढाएर ल्याउँछौं। यसैका लागि हामीले विभिन्न फर्मान जारी गर्न आरम्भ गरेका छौं। सशक्तीकरणका लागि हामीले हाम्रा आदरणीय सासद्हरूलाई आफ्नो हात जगन्नाथ मोडेलको समाजवादी विकासका लागि प्रति सांसद् ४/४ करोड, २/२ करोड रकम राष्ट्रिय कोषबाट बाहुली दाखिल गर्न व्यवस्था मिलाएकै छौं। परम्परागत असारे विकास जोडतोडका साथ चलाएकै छौं। हामीले के गरेका छैनौ ? अब अझ धेरै गर्छौं। संसदीय घोडेजात्रामा खप्पीस नेपाली कांग्रेसलाई समेत सत्ताउपयोगको मामिलामा हामी कोसौं उछिनिदिन सक्छौं। राजनीतिका पसलहरूमा कांग्रेसले भन्दा बढी खसीका टाउका हामी जुटाइदिन सक्छौं। अहिले हामी समाजवादको सवारी चलाउने तैयारीमा छौं। यति बेला कतै कसैले आलोचना नगरून्, विरोध नगरून् र गर्नै मन लागे हामीले नसुन्ने ठाउँमा गएर गरून्। हाम्रा मन्त्री प्रधानमन्त्रीको यही चाहना हो भने देश र जनताका लागि समसामयिक चाहना हो। उज्ज्वल समयको शुभ संकेत पनि हो। समाजवादी सरकारलाई सल्लाह सुझावका रूपमा हामी भन्छौं- 'जनताले विरोध प्रदर्शन गर्ने ठाउँ अझै संशोधित हुनुपर्छ। काठमाडौं र ललितपुरका लागि थापाथली पुलको ४ सय मिटर तलबाट टेकु दोभानसम्मको स्थान विरोध प्रदर्शनका लागि उपयुक्त र पर्याप्त हुन सक्छ। भक्तपुरका जनताका लागि सानोठिमी बजारपछाडिको हनुमन्ते खोलाका दुवै तीरलाई विरोध प्रदर्शनस्थल निर्धारित गर्नु उपयुक्त हुनसक्छ। केन्द्रबाट तोकिने विरोध प्रदर्शनको स्थान विकेन्द्रित किन ? केन्द्रित रूपमै उल्लिखित स्थानलाई प्रदर्शनस्थल तोक्नु मनासिव हुन्छ। ती स्थानमा विरोध प्रदर्शनका लागि जनता जम्मा हुँदा जनताको जनताद्वारा जनताकै नाकको सुरक्षाकै कारण पनि नदी सफाइ अभियानमा समेत मद्दत पुग्न सक्छ। हैन र ?

> लोकतान्त्रिक गणतन्त्र नामधारी समाजवादी मुलुकमा चित्त नबुझेका कुरामा जनताले विरोध गर्न त पाउनै पर्छ, तर सिंहदरबारमा दिनभरि निदाएर उठेका माननीय सांसद, मन्त्री, सम्माननीय प्रधानमन्त्री र आदरणीय कर्मचारीबाबुका कानमा अमांगलिक कर्कश ध्वनि गुञ्जित हुने गरी होइन। उहाँहरूका दरबारिया अमनचैन र शान्तिमा खलल पर्ने गरी होइन।

लोकतान्त्रिक गणतन्त्र नामधारी समाजवादी मुलुकमा चित्त नबुझेका कुरामा जनताले विरोध गर्न त पाउनै पर्छ, तर सिंहदरबारमा दिनभरि निदाएर उठेका माननीय सांसद, मन्त्री, सम्माननीय प्रधानमन्त्री र आदरणीय कर्मचारीबाबुका कानमा अमांगलिक कर्कश ध्वनि गुन्जित हुने गरी होइन। उहाँका दरबारिया अमनचैन र शान्तिमा खलल पर्ने गरी होइन। पुरातात्विक भइसकेको दरबारको पनि त सुरक्षित रहने आत्म अधिकार छ। ध्वनिप्रदूषणबाट जोगिने अधिकार छ। स्वयं सत्तासीनहरूको पनि मानवअधिकारको सवाल छ। तिनका सुकोमल शान्तिप्रिय आँखा र कानका प्रान्तीय अधिकारको सवाल पनि छ। संविधानबाट सार्वभौम भइसकेका जनताले मानिसको आवतजावत बढी हुने घन्चमन्चका ठाउँमा जुटेर प्रदर्शन गर्नु नारा लाउनु शोभनीय कुरा पनि हुँदैन। टाढा कतै एकान्तमा जुटेर सुटुक्क विरोध गर्नु र तोकिएका ठाउँमा जुटेर रून, कराउनु पनि अवाञ्छनीय छैन। सरकारको शान्ति भंग नहुने गरी रून कराउन र मर्न पनि जनतालाई सरकारले रोकेको छैन। रोक्दैन। जनताको एकान्त रोदनस्थलमा खोजी-खोजी प्रहरी आउँदैन। जनता सार्वभौम छन्।

## पाठक पत्र

# जलवायु परिवर्तनको मारमा पृथ्वीबासी

संसार विज्ञान र प्रविधिको आविष्कारसँगै विकास तीव्ररूपमा अगाडि बढेको छ। यही विकासका गति तथा मानवसिर्जित क्रियाकलापका कारण वातावरणीय समस्या दिनानुदिन जटिल बन्दै गइरहेको हामीले देख्न सक्छौं। यिनै समस्याका विविध कारणमध्ये जलवायु परिवर्तन पनि एक हो। आजभन्दा २७ वर्षअगाडि सन् १९८८ देखि नै जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह गठन भएपश्चात् यस क्षेत्रमा विकसित देशको ध्यान पुगिसकेको थियो भने विकासशील तथा अविकसित देश भने भर्खरमात्र यसतर्फ उन्मुख भएका छन्। वर्तमान अवस्थामा जलवायु परिवर्तनसम्बन्धी मुद्दा सबैभन्दा बढी बहसको विषय बन्ने गरेको पाइएको छ।

### के हो जलवायु परिवर्तन ?

भूमण्डलीय वा क्षेत्रीयस्तरमा लामो समयमा भएको जलवायुको फरकपनलाई जलवायु परिवर्तन भनिन्छ। यो समयावधि १० वर्ष वा सोभन्दा बढी हुनुपर्छ। लामो समयावधिदेखि पृथ्वीमा चलिआएको जाडो, गर्मी, वर्षायाम र अन्य अवस्थामा आउने परिवर्तनलाई पनि जलवायु परिवर्तन भनिन्छ। जलवायु परिवर्तनका कारण केही समययता गर्मी, वर्षा, जाडो यामको समय परिवर्तन हुँदै गएको छ। अतिवृष्टि, अनावृष्टि हुन थालेको छ। मौसममा आएको यस किसिमको समष्टिगत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ।

### यसले पारेको असर :

जलवायु परिवर्तनका कारण पृथ्वीको सतहको तापक्रममा वृद्धि भएको छ। वर्षाको स्वरूपमा परिवर्तन भएको छ। यस्तो खालको परिवर्तनले विभिन्न क्षेत्रमा प्रभाव परेको देखिन्छ। यसबाट बोटबिरुवा र बालिनालीको जीवनचक्र छोटो भएको छ। उष्ण क्षेत्रमा हुने बोटबिरुवा समशीतोष्ण हुँदै उपोष्ण क्षेत्रतर्फ फैलिन थालेका छन्। मनसुन ढिलो हुनुका साथै वर्षाको तीव्रता बढेको छ। सुख्खा समय लामो हुने गरेको छ र तापक्रम, वर्षा, हावाले अनियमित र अस्थिर स्वरूप देखाउने गरेको पाइएको छ।

रोग तथा कीराहरूले अपर्झट विप्लव रूप लिने गरेको तथा नयाँ-नयाँ झारपातहरूको प्रकोप बढेको र जमिनमा पानीको मात्रा घटेको पाइन्छ। हिउँ पग्लने दर बढ्नुका साथै हिमरेखा माथि सरेको छ र समुद्रको सतह बढ्ने गरेको छ। यसले गर्दा समुद्री सतहमा बसोबास गर्दै आएका मानिसको ज्यान जोखिममा पर्ने गरेको हामीले स्पष्ट देख्ने गरका छौं। यस्ता असरले गर्दा खाद्यान्न उत्पादन घट्ने र कृषकलाई मर्का पर्ने गरेको देखिन्छ। त्यति मात्र नभई जलवायु परिवर्तनले मानिसको दैनिक जनजीवन नै कष्टकर बन्दै गएको देखिएको छ। हुन त कतिपय धेरै चिसा क्षेत्रमा नयाँ बालीको सम्भावना नबढेको होइन, नयाँ-नयाँ प्रकारका बीउबिजनको उत्पादन नभएको पनि हैन, तर मौसमका तत्त्वहरूमा देखिएको अनियमित तथा अस्थिर स्वरूपले गर्दा कालान्तरमा उत्पादनमा नकारात्मक असर पर्ने देखिन्छ। अनावृष्टि र अतिवृष्टिका कारण बाढी-पहिरो गई खेतीयोग्य जमिनको विनाश हुन गएको छ भने सिँचाइ प्रणालीमा नकारात्मक असर पर्ने गरेको हामीले सजिलै देख्न सक्छौं। यस्ता घटनाको प्रत्यक्ष प्रभाव कृषिक्षेत्र र कृषकमा धेरै पर्न जान्छ। यसरी आउने नकारात्मक असर पर्याप्त स्रोतको अभावका कारण सबैभन्दा बढी गरिब मुलुक र समुदायमा पर्ने कुरा पक्का छ।

### जलवायु परिवर्तनको रोकथाम :

आज जुन गतिले ऊर्जा संक्रमणकालबाट गइरहेछ, त्यसको न्यून आकलन गरिनुको कारण पहिलेको पुरानो प्रविधिबाट नयाँमा परिवर्तन हुँदाको भन्दा फरक परिणामले पनि हो। जब दाउरा छाडेर कोइला र त्यसपछि तेल बाल्नेतर्फ मानव उन्मुख भयो, हरेकपटक यस्ता नयाँ स्रोतमा अत्यधिक पुँजी लगानी भयो। भीमकाय योजना जस्तै- कोइलाखानी, समुद्रका तेल तथा ग्यासखानी अनि प्रशोधनालय सञ्चालन भए। यसबाट ऊर्जा प्राप्त गर्न थालियो।


पहिलेको तुलनामा आज ऊर्जा बजारमा उपभोक्ताको धेरै नियन्त्रण छ। तर, औद्योगिकीकरण, गाडीको बढी प्रयोग, हातहतियारको बढ्दो प्रयोग, भौतिक पूर्वाधारको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्दै गएको छ। फोटोभोल्टिक सेल, वायुघट्ट, ब्याट्री एवं अन्य उपकरणजस्ता दशौं लाख स-साना यन्त्रले आजको ऊर्जा संक्रमणलाई परिचालित गरिरहेका छन्। यो पद्धतिमा हरेक नयाँ साधन सस्तो छ र छिट्टै आफ्नो मूल्यबराबरको प्रतिफल दिन पनि पछाडि नभएको अवस्था छ। त्यसैले औद्योगिक उपकरणको नवीन प्रयोग कम खर्चिलो हुन्छ र प्रविधिलाई द्रुतगतिमा सुधार्न सकिन्छ। धेरै विकास र ठूलो परिमाण सस्तो लागतमा उत्पादन गर्न र वितरण गर्न सकिन्छ। स्वच्छ ऊर्जा उत्पादनका प्राविधिक पक्ष भने खानी र प्रशोधनशालाभन्दा अहिलेको बजार तताएका मोबाइल, इलेक्ट्रोनिक उपकरण र कम्प्युटरसँग मिल्छ भन्दा कुनै फरक नपर्ला। ऊर्जातर्फको यो द्रुत दौडाइ मात्र पनि पृथ्वीको ताप घटाउन अथवा कम गर्न सक्ने अवस्थामा देखिँदैन। यस लक्ष्य हासिल गर्न विश्वले अझै धेरै हरितगृह ग्यास वायुमण्डलबाट हटाउनुपर्ने देखिन्छ। कृषि र भूमि संरक्षणमा समाविष्ट गराएर वायुमण्डलबाट ताप उत्सर्जन हुनबाट रोक्ने ग्यासलाई वन तथा जमिनमा बाँधेर राख्ने, वनजंगलको जति सक्दो धेरै संरक्षण गर्ने, खेतीपाती गर्ने, ऊर्जा क्षेत्रको सही सदुपयोग गर्नेलगायतले कार्बन घटाउन सहयोग पुग्ने गर्दछ।

ऊर्जा तथा भूमिको प्रयोगमा उच्च सुधार ल्याउन बजारको भूमिका अहम् हुन्छ। आँधिबेरी, बेमौसमी तरकारी र फलफूल, हिले वर्षालगायतका कुराले हामीलाई जलवायुको आपत्कालीन स्थिति जाहेर गरेको छ। यसले यसबारे अविलम्ब र सशक्तरूपमा उठाउनुपर्ने कदमको स्मरण गराएको छ। ऊर्जाको अधिग्रहण, उपभोग, भूमिको प्रयोग विधि आदिलाई परिवर्तन गर्न निकै ठूलो प्रोत्साहन, नीति तथा नियमको आवश्यकता पर्छ। यसले मात्र जलवायु परिवर्तन रोक्न मार्गप्रशस्त पार्न सक्छ।

नेपालमा पनि यसको प्रभाव उत्तिकै सशक्त छ। पहिला-पहिला हिउँले ढाक्ने हिमालमा अहिले हिउँ कम पर्ने गरेको छ, कृषक समयमा वर्षा नहुनाले मारमा पर्ने गरेका छन् भने कैयौं मानिस भोकमरीको चपेटामा पर्ने गरका छन्। त्यसैले यसको उचित रोकथाम गर्नु जरुरी छ। भविष्यको लागि अहिलेबाट नै गम्भीर भएर सोच्नु जरुरी छ।

*- मनोज रेग्मी, हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



संसारमा अब एक ध्रुवीय शक्तिको युग बाँकी रहेन। न राजनैतिक शक्ति, न आर्थिक, न सामरिक, न सञ्चार शक्तिमा, न त फुटबलमा नै। विश्वविजेता जर्मनीलाई, दक्षिण कोरियाले, विश्वकपको प्रारम्भिक राउन्डबाटै घर फिर्ता पठाइदियो।

**Vijay Kumar Panday**
**@Vijaykumarko**



न पाउने आशा
न गुमाउने डर।
न टाढा हुँदाको पीडा
न कसैको भर।
जिउँछु आफ्नै रंगमा
सबै आफ्नै रहर।

**Dipak Karki**
**@dipakkrk**